प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय
प्रदेश नं.२
जनकपुरधाम, धनुषा

# ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, संकलन, क्रसिङ्ग र बिक्री वितरण तथा क्रसर उद्योग स्थापना र संचालनलाई व्यवस्थित गर्ने कार्यविधि, २०७५

प्रदेश सरकार

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

प्रदेश नं. २, जनकपुरधाम, नेपाल

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय
प्रदेश नं.२
जनकपुरधाम, धनुषा

# ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, संकलन, क्रसिङ्ग र बिक्री वितरण तथा क्रसर उद्योग स्थापना र संचालनलाई व्यवस्थित गर्ने कार्यविधी, २०७५

<u>प्रस्तावना</u> : प्रदेश भित्रका खोलानाला, खोल्सी, सार्वजनिक तथा निजी जग्गामा रहेका ढुङ्गा, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर जस्ता प्राकृतिक श्रोतको दिगो संकलन र उपयोगलाई व्यवस्थापन गर्न ती श्रोतमा कर लगाउने कार्यलाई व्यवस्थित गर्न तथा प्रदेश भित्रको वातावरणीय संरक्षण गरी आर्थिक, सामाजिक विकासमा सहयोग पुरयाउने उद्धेश्यले प्रदेश सरकारले आर्थिक ऐन २०७५ बमोजिम यो कार्यविधी बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "ढुङ्गा, गिट्टी, बालुवा, उत्खनन, संकलन, क्रसिंग र बिक्रीवितरण तथा क्रसर उद्योग स्थापना र संचालनलाई व्यवस्थित गर्ने कार्यविधी २०७५" रहेको छ ।

२. यो कार्यविधिप्रदेश नं २ भर लागू हुनेछ ।

३. यो कार्यविधी तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा, -

(क) "अनुगमन समिति" भन्नाले दफा १३ र १४ वमोजिमको प्रादेशिक, जिल्ला वा स्थानीय तहको अनुगमन समिति सम्झनुपर्छ ।

(ख) "उद्योग" भन्नाले ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर संकलन गरी टुक्राउने, फुटाउने वा पेल्ने वा कम्तिमा एक तह प्रशोधन गर्ने मेशिन औजार जडित उद्योगलाई सम्झनुपर्छ र सो शव्दले क्रसर उद्योग/फिरफिरे, रिफाइनरी गर्ने उद्योग समेतलाई जनाउनेछ ।

(ग) "ऐन" भन्नाले आर्थिक ऐन २०७५ सम्झनुपर्छ ।

(घ) "घाटगद्दी" भन्नालेढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर संकलन वा उत्खनन भएको स्थानलाई सम्झनुपर्छ ।

(ङ) "ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर" भन्नाले नदी, खोला, खोल्सी, वन क्षेत्र वा सार्वजनिक वा निजी जग्गावाट उत्खनन वा संकलन गरिने बहुमुल्य पत्थर, ऐतिहासिक र सास्कृतिक महत्वका शालीग्राम, शीला र अति मुल्यवान वस्तु बाहेकका ढुङ्गा, गिट्टी, बालुवा/रोडा, गेग्रान, चट्टान, माटो, चुनढुङ्गा, स्लेट ढुङ्गा जस्ता नदीले बगाई ल्याएको वा थिग्रिएको नदी तथा खानी जन्य प्राकृतिक स्रोतलाई सम्झनु पर्छ ।

(च) "प्रारम्भिक वातावरणीय परिक्षण" भन्नाले वातावरण संरक्षण ऐन, २०५३ बमोजिमको प्रारम्भिक वातावरणीय परिक्षण भन्ने सम्झनुपर्छ ।

(छ) "मन्त्रालय" भन्नाले प्रदेश नं. २ को उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय सम्झनु पर्छ

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय
प्रदेश नं.२

(ज) "मापदण्ड" भन्नाले दफा (१२) बमोजिमको मापदण्ड सम्झनुपर्छ।

(झ) "वातावरणीय प्रभाव परीक्षण" भन्नाले वातावरण संरक्षण ऐन २०५३ बमोजिमको वातावरणीय प्रभाव मुल्यांकन भन्ने सम्झनुपर्छ।

(ञ) "स्थानीय" भन्नाले संविधानको धारा ३०६ बमोजिमको स्थानीय तह सम्झनुपर्छ।

३. **प्राकृतिक स्रोतको संरक्षण र उपयोग :** (१) ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर को संकलन, घाटगद्दी, ओसारपसार र उपयोग गर्दा वातावरणीय सुरक्षा र दिगो उपयोगलाई प्राथमिकतामा राखी गर्नुपर्नेछ।

(२) उपदफा (१) को व्यवस्थालाई सुनिश्चित गर्न प्रचलित कानून बमोजिम वातावरणीय परीक्षण गर्नु प्रस्तावकको दायित्व हुनेछ।

४. **सहमति लिनुपर्ने :** (१) क्रसर तथा प्रशोधन उद्योग संञ्चालन गर्न चाहने व्यक्ति वा संस्थाले अनुसूची १ बमोजिमको ढाचामा सम्वन्धित स्थानीय तहमा सहमतीका लागी दरखास्त दिनुपर्नेछ।

(२) उपदफा (१) वमोजिम दरखास्त दिने व्यक्ति वा संस्थालाई सम्वन्धित स्थानीय तहले अनुसूची २ वमोजिमको ढाचामा क्रसर उद्योग सञ्चालन सहमती पत्र दिन सक्नेछ।

(३) उपदफा (१) बमोजिम सहमतिका लागी दरखास्त दिदा प्रचलित नेपाल कानूनमा तोकिएका शर्त बन्देजका अतिरिक्त देहायका मापदण्ड र शर्तहरु पूरा गरेको हुनुपर्नेछ।

(क) उद्योग स्थापना गर्दा प्रचलित वातावरण कानून वमोजिम उद्योगको वातावरणीय प्रभाव मुल्यांकन वा प्रारम्भिक वातावरणीय परीक्षण स्वीकृत भएको प्रमाण संलग्न हुनुपर्ने।

(ख) उद्योगले प्राप्त गर्ने कच्चा पदार्थको स्रोत खुलाई त्यस्ता स्रोतको धनीको कच्चा पदार्थ उपलव्ध गराउने स्विकृति लिएको प्रमाण संलग्न हुनुपर्ने।

(ग) क्रसर उधोग स्थापना गर्ने स्थलको भौगोलिक अवस्थिति GPS Point निर्दिष्ट गरेको हुनुपर्ने।

(४) साविकमा स्थानीय निकायवाट सहमति लिई वा स्थानीय निकायले आफै ठेक्का बन्दोवस्त गरी संञ्चालनमा रहेको उद्योगहरुले २०७५ साल श्रावण १ गते देखि स्थानीय निकायको पुनसंरचना भै कायम भएको स्थानीय तहको सहमति लिनुपर्नेछ।

(५) यस कार्यविधि बमोजिम ढुङ्गा, गिट्टी, वालुवा, चट्टान, दहत्तर बहत्त आदि उत्खनन, संकलन, भण्डारण गर्दा स्थानीय तहले आफ्नो भू-उपयोग नीति अनुसार यस प्रयोजनको लागी छुट्टयाइएको जग्गामा मात्र उत्खनन गर्ने सहमति दिन सक्नेछन्।

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय
प्रदेश नं.२
जनकपुरधाम, धनुषा

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय
प्रदेश नं. २
जनकपुरधाम, धनुषा

(६) प्रशोधन तथा क्रसर उद्योगले उद्योग दर्ता, नविकरण, संचालन, प्रतिवेदन लगायतका बिषयमा उद्योग तथा अन्य कानूनमा भएको व्यवस्था बमोजिमका अनुमति प्राप्त गरेको हुनुपर्नेछ । ।

**५. कार्ययोजना बनाउने** : (१) प्रत्येक स्थानीय तहले देहायका कुराहरु समावेश गरी ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर उत्खनन  संकलन सम्वन्धी वार्षिक कार्ययोजना बनाउनुपर्नेछ :

(क) उत्खनन र संकलन गर्न हुने र नहुने क्षेत्र ।

(ख) पूर्वाधार निर्माणका लागी चाहिने परिमाण र स्रोतको उपलब्धता ।

(ग) भण्डारण वा घाटगद्दी स्थल ।

(घ) संकलनको विधि र उपयोग हुने मेशिन औजार ।

(ङ) स्थानीय तहले प्राप्त गर्ने अनुमानित आर्थिक लाभ ।

(२) उपदफा (१ बमोजिम तयार भएको कार्ययोजना सम्वन्धित स्थानीय तहको सभामा पेश गर्नुपर्नेछ । सो सभाले पारित गरेपछि सो कार्ययोजना लागू भएको मानिनेछ ।

**६. वातावरणीय प्रभाव अध्ययन** : (१) ढुङ्गा, गिट्टी, बालुवा, माटो दहत्तर बहत्तर उत्खनन र संकलन गर्ने स्थानीय तहले त्यसरी उत्खनन संकलन गर्नु अघि प्रचलित कानून बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण वा वातवरणीय प्रभाव मुल्यांकन गराउनुपर्नेछ ।

(२)उद्योगले आफ्नो उद्योगको प्रचलित कानून वमोजिम प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मुल्यांकन गराउनु पर्नेछ ।

(३) सम्वन्धित स्थानीय तहर क्रसर तथा संकलन र प्रशोधन उधोगले ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर उत्खनन, संकलन गर्दा प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनमा औंल्याइएका सुधारात्मक र प्रभाव न्यूनिकरण गर्ने उपायको कार्यान्वयन गर्नुपर्नेछ ।

(४) प्रारम्भिक वातावरणीय वा वातावरणीय प्रभाव मूयांकन स्वीकृत नगरी सन्चालन भएका क्रसर उधोगहरु सन्चालनमा प्रदेश सरकारले रोक लगाउने सक्नेछ ।

तर एकपटकको लागी निश्चित अवधि तोकी त्यस्तो वातावरणीय अध्ययन गराई स्वीकृति पाएमा पुनः सन्चालन गर्न अनुमति दिन सक्नेछ ।

**७. ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तरको उत्खनन, संकलन** : (१) राष्ट्रिय निकुन्ज, आरक्ष र चुरे संरक्षण क्षेत्रभित्रवाट ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर जस्ता नदीजन्य पदार्थको उत्खनन र संकलन गर्न पाइने छैन ।

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय
प्रदेश नं. २
जनकपुरधाम, धनुषा

मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय
प्रदेश सरकार
प्रदेश नं. २

(२)निकुञ्ज वा आरक्ष वा चुरे संरक्षण [illegible] कार्यालयले निकुञ्ज वा आरक्ष क्षेत्रको मध्यवर्ती क्षेत्र र चुरे क्षेत्रवाट ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर उत्खनन तथा संकलन गर्नुपर्ने भएमा वार्षिक योजना र प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मुल्यांकन स्विकृत गराएर मात्र उत्खनन संकलन गर्न सक्नेछ ।

(३) राष्ट्रिय वन, राष्ट्रिय निकुञ्ज, आरक्ष, मध्यवर्ती क्षेत्र, चुरे संरक्षण क्षेत्र र अन्य संवेदनशिल क्षेत्रवाट ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर उत्खनन गर्दा डोजर, स्क्याभेटर, लोडर जस्ता हेभी इक्युपमेट प्रयोग गर्न पाइने छैन । अन्य क्षेत्रको हकमा स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मुल्यांकन प्रतिवेदनमा उल्लेख भए वमोजिमका मेशिन औजार मात्र प्रयोग गर्नुपर्नेछ ।

(४) ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तरको उत्खनन, संकलन गर्दा माटो, पानी, कृषि योग्य जमिन, जैविक विविधता जस्ता प्राकृतिक वातावरण तथा सडक, नहर, कुलो, स्कुल, कलेज, मानव वस्ती जस्ता भौतिक पुर्वाधारको संरक्षणका लागी आवश्यक परेमा प्रदेश सरकारले राजपत्रमा सूचना प्रकाशित गरी प्रदेश भित्रको कुनै नदी वा खोला क्षेत्रलाई चारकिल्ला खुलाई निश्चित अवधिका लागी सम्वेदनशिल क्षेत्र घोषणा गरी ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर उत्खनन र संकलनमा रोक लगाउन सक्नेछ ।

(५) ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर उत्खनन तथा संकलन कार्य असार १ गते देखि भाद्र मसान्त सम्म गर्न पाइने छैन ।

(६) ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर उत्खनन तथा संकलन कार्य सुर्यास्त देखि सुर्योदय नहुदा सम्म गर्न पाइने छैन ।

(७) सम्बन्धित गाउँपालिका वा नगरपालिकाले उत्खनन्वा संकलन गर्न निर्धारण गरिएको स्थलमा स्वीकृत परिमाणभन्दा बढी उत्खनन्र संकलन हुन नदिन संकलन तथा उत्खननआदेश दिनु पूर्व प्राविधिकबाट गरिएको नाप जाँच तथा रेखाङ्कनका आधारमा उत्खनन्वा संकलनको क्षेत्र निर्धारण गरी लाईन लेभल समेत दिनु पर्नेछ ।

(८) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि बाढी, पहिरो, डुवानले राजमार्ग, खेतवारी, गाउ, वस्ती, शहर बजार, पक्की पुल जस्ता क्षेत्रमा थुपारेको ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर हटाउनु पर्ने भएमा स्थानीय तहले वा स्थानीय तहको सहमति लिई मार्का पर्ने जोसुकैले हटाउन सक्नेछ ।

<u>**८. भण्डारण, घाटगद्दीको अवस्था**</u> : (१) स्थानीय तहले वातावरणीय प्रतिवेदन समेतका आधारमा ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर भण्डारण तथा घाटगद्दीका लागि स्थान तोक्नुपर्नेछ ।

(२) उपदफा (२) बमोजिम तोकिएको स्थल बाहेक कोही कसैले भण्डारण वा घाटगद्दी गर्नु हुदैन ।

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय
प्रदेश नं. २

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय प्रदेश नं.२ जनकपुरधाम, धनुषा

(३) स्थानीय तहले वर्षको प्रत्येक तीन महिनामा एक पटक घाटगद्दी स्थलको निरिक्षण अनुगमनको व्यवस्था मिलाउनु पर्नेछ ।

<u>९. ढुङ्गा, गिट्टी, बालुवाको उपयोग</u> : (१) ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तरको उपयोगमा स्थानीय आवश्यकता र स्थानीय तहको माग र प्रदेशको विकास निर्माणलाई चाहिने मागको आपूर्तिलाई पहिलो प्राथमिकता दिइनेछ ।

(२) स्थानीय तहले राष्ट्रिय तथा प्रादेशिक गौरवका आयोजना तथा अन्य सार्वजनिक निर्माण कार्यका लागी आवश्यक पर्ने ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर जस्ता निर्माण सामग्री प्रचलित दर रेट अनुसारको कर तथा शुल्क लिई रेकर्ड राखी सहज र सरल रुपले उपलब्ध गराउन सक्नेछ ।

(३) ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तरको उपलव्धताका आधारमा अन्तर प्रदेश निकासीको व्यवस्था गर्न बाधा पुग्नेछैन ।

(४) ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर विदेश निकासी सम्वन्धी व्यवस्था नेपाल सरकारले तोके बमोजिम हुनेछ ।

<u>१०. ढुङ्गा, गिट्टी, बालुवाको बिक्री, राजस्व दररेट र बाडफाड</u> : (१) ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तरको विक्री गर्दा लाग्ने राजस्व दररेट प्रदेश सरकारले तोके बमोजिम हुनेछ । अन्य शुल्कहरु प्रदेश कर तथा गैह्र कर सम्वन्धी प्रचलित कानून बमोजिम हुनेछन् ।

(२) खानी तथा खनिज पदार्थ बाहेकका निर्माण जन्य ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तरको राजस्वको वाडफाड आर्थिक ऐन २०७५ बमोजिम सम्वन्धित स्थानीय तह र प्रदेश सरकार बीच हुनेछ ।

(३) स्थानीय तहले ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तरको बिक्रीवाट प्राप्त कूल रकमको १०% त्यस्तो ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर संकलन, उत्खनन गर्दा प्रभावित हुने क्षेत्रका समुदाय वा वातावरण संरक्षणका काममा खर्च गर्नुपर्नेछ ।

(४) ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तरको बिक्री वितरण सम्बन्धी अन्य व्यवस्था प्रचलित आर्थिक प्रशासन सम्बन्धी ऐन नियम बमोजिम हुनेछ । त्यसरी बिक्री वितरण गर्दा पालना गर्नुपर्ने बिषय स्थानीय तहले तोकेको वा सम्झौता गरे बमोजिम हुनेछ ।

(५) ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तरको बिक्री वितरण र क्रसर उद्योग संचालन गर्न दिइने टेण्डर लगायतका बिक्री प्रकृयामा मन्त्रालय र जिल्ला समन्वय समितिलाई अग्रिम जानकारी गराई त्यहाबाट तोकिएको प्रतिनिधिलाई अनिवार्य रुपलेसहभागी गराउनुपर्नेछ ।

(६) खोलाले बगाई ल्याएको, अडकेको दहत्तर बहत्तर काठ दाउराको संकलन, बिक्री वितरण र आम्दानीको बांडफाड प्रचलित वन ऐन र नियमावलीको व्यवस्था अनुरुप हुनेछ ।

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय प्रदेश नं.२ जनकपुरधाम, धनुषा

**११. ढुवानी तथा ओसार पसार सम्वन्धी व्यवस्था** : (१) ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तरको ओसार पसार गर्दा देहाय बमोजिम गर्नुपर्नेछ ।

(क) ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर बोकेर ढुवानीका साधन सडकमा गुडाउदा पानी नचुहिने र सामाग्री नपोखिने हुनुपर्नेछ ।

(ख) ढुवानीका साधनको वहन गर्न पाउने तौल क्षमता भित्र रहेर र सामाग्रीको तौल वा आयतन बराबर पुरा बील काटी ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टानलाइ त्रिपालले छोपेर मात्र ढुवानी गर्नुपर्नेछ ।

(ग) सडक विभाग र सम्वन्धित निकायले तोकेको सडक सीमा र मापदण्ड भित्रको क्षेत्रमा ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर लगायत कुनै पनि सामग्री संकलन गर्न वा संचय गरी राख्न प्रतिवन्धित हुनेछ । ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर आदी बोकेको सवारी साधन उक्त क्षेत्रमा पार्किङ्ग निशेधित हुनेछन ।

(घ) ढुवानी गर्दा सडकको मापदण्ड, भारवहन क्षमता हेरी शहरी क्षेत्रमा ढुवानी गर्ने सम्वन्धमा प्रदेश सरकारले विशेष व्यवस्था गर्न सक्नेछ ।

(२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिको भएतापनि प्रदेश सरकार वा स्थानीय तहले भण्डारण वा घाटगद्दी क्षेत्र र आवश्यकता अनुसार अन्य क्षेत्रमा भारवहन क्षमता मापन मेशिन राखी कार्यान्वयन गर्न सक्नेछ ।

(३) अन्तर स्थानीय तह वा अन्तर प्रदेशमा ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तरको ओसार पसार र ढुवानी गर्दा कसैले अवरोध गर्न वा कुनै किसिमको ढाट राखी थप कर, शुल्क वा दस्तुर लिन निशेधित हुनेछ ।

(४) ओसार पसार तथा ढुवानी सम्वन्धी अन्य व्यवस्था सम्झौता बमोजिम हुनेछ ।

**१२. क्रसर उद्योग स्थापना र सञ्चालन सम्वन्धी मापदण्ड** : (१)ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तरको उत्खनन, संकलन, प्रशोधन भण्डारण कार्य गर्दा तथा क्रसर उद्योग स्थापना र सञ्चालन गर्दा दुरी सम्वन्धी मापदण्ड अनुसूची (३) र (४) बमोजिम हुनेछ ।

(२) यस दफा बमोजिमको मापदण्ड कायम गर्ने वा पालना गर्ने गराउने सम्वन्धमा नेपाल सरकार तथा प्रदेश सरकारको निर्देशन पालना गर्नुपर्नेछ ।

(३) क्रसर उद्योग दर्ता र सञ्चालन सम्वन्धी अन्य विषय प्रचलित कानूनले तोके बमोजिम हुनेछ ।

(४) हाल सञ्चालनमा रहेका यस कार्यविधि अनुरुपको मापदण्ड पुरा नगरेका उद्योगले तीन महिना भित्र यस मापदण्ड अनुसार स्थानान्तरण वा व्यवस्थापन गरी सञ्चालन गर्नुपर्नेछ ।

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय
प्रदेश नं.२
जनकपुरधाम, धनुषा

**१३. अनुगमन सम्वन्धी व्यवस्था** : (१) ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर उत्खनन, संकलन, भण्डारण, ओसार पसार र विक्री वितरण तथा क्रसर उद्योगको अनुगमन, नियमन तथा व्यवस्थित गर्न गराउनका लागी एक प्रादेशिक अनुगमन समिति गठन गरिनेछ।

(२) उपदफा (१) बमोजिमको प्रादेशिक अनुगमन समितिमा देहाय बमोजिमका पदाधिकारी रहनेछन्।

(क) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय - संयोजक

(ख) सचिव, मन्त्रालय -सदस्य

(ग) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय - सदस्य

(घ) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

(ङ) प्रदेश प्रहरी प्रमुख - सदस्य

(च) जिल्ला समन्वयअधिकारी, सम्बन्धित जिल्ला - सदस्य

(छ) वातावरण हेर्ने महाशाखा प्रमुख, मन्त्रालय - सदस्य सचिव

(३) प्रादेशिक अनुगमन समितिको कार्य विवरण देहाय बमोजिम हुनेछ।

(क) ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तरको उत्खनन, संकलन, भण्डारण, प्रशोधन तथा विक्री वितरण सम्वन्धमा अनुगमन गरी प्रदेश सरकारलाई सुझाव दिने साथै अन्तर -प्रदेश मन्त्रालय, तहहरु वीच समन्वय गर्न सहयोग गर्ने।

(ख) ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तरको उत्खनन, संकलन, भण्डारण, प्रशोधन, विक्री वितरण तथा त्यस्तो बिक्री वितरण बाट प्राप्त रकम समानुपातिक वितरणका सम्वन्धमा प्रादेशिक नीति, नियम, मापदण्ड तर्जुमा तथा नियमन र संशोधनका लागी प्रदेश सरकारलाई सुझाव दिने।

(ग) ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तरको उत्खनन, संकलन, भण्डारण, प्रशोधन तथा विक्री वितरण सम्वन्धमा अन्तर स्थानीय तहमा कुनै विवाद भए समन्वय गरी निरुपण गर्ने।

(घ) अन्तर प्रदेश विवाद भएमा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा विवादको विषय तथा समाधानका उपायहरु सिफारिस गर्ने ।

(ङ) आवश्यकतानुसार समितिले थप कार्य विवरण आफै बनाई लागु गर्ने।

(च) आवश्कतानुसार समितिले विज्ञ वा अन्य आवश्यक देखिएका व्यक्तिलाई आमन्त्रण गर्न सक्नेछ।

कपुरधान,

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय
प्रदेश नं.२
जनकपुरधाम, धनुषा

(४) स्थानीय तहले आफ्नो आवश्यकता अनुसार अनुगमन समिति गठन गर्नेछ । त्यस्तो अनुगमन समितिमा सुरक्षा निकाय, स्थानीय प्रशासन, वन, नापी जस्ता निकायका प्रतिनिधि समेत संलग्न गराउनुपर्नेछ ।

(५) स्थानीय तहको अनुगमन समितिको कार्यविवरण देहाय बमोजिम हुनेछ ।

(क) उत्खनन, संकलन, भण्डारण, प्रशोधन, ओसार पसार र विक्री वितरण हुने ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तरको ठेक्कापट्टा कार्यान्वयनको स्थिति र सो ले वातावरण, कृषि प्रणाली, स्रोत सम्पदा, मानव बस्ती, भौतिक पूर्वाधार संरचना लगायतमा पारेको असर वारे अनुगमन गरी प्रादेशिक अनुगमन समितिमा सिफारिश गर्ने ।

(ख) ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर उत्खनन, संकलन, भण्डारण र प्रशोधनको कार्य कानून सम्मत कार्यान्वयन भए नभएको हेरी नियमन गर्नका लागी स्थानीय र प्रदेश सरकारमा सिफारिश गर्ने ।

(ग) सडकको भारवहन क्षमता भन्दा बढी ओसार पसार भएमा वा तोकिएको अधिकतम मुल्य भन्दा बढी लिएमा वा स्वीकृत मापदण्ड वा स्थानीय तहसंग भएको सम्झौता विपरित संकलन, उत्खनन र प्रशोधन वा विक्री भएमा नियमन गर्ने गराउने ।

(घ) अन्तर स्थानीय तहसम्वन्धी कुनै विषयमा कुनै विवाद भए समाधानका लागी समन्वय गर्ने । आफ्नो तहवाट हुन नसक्ने भए प्रदेश अनुगमन समितिमा प्रतिवेदन पेश गर्ने ।

(ङ) स्वीकृत कार्ययोजना र प्रचलित कानून विपरित गर्नेलाई कारवाहीका लागी सम्वन्धित निकायमा सिफारिश गर्ने ।

(६) अनुगमन समितिले स्थानीय स्तरमा उत्खनन, संकलन, भण्डारण, क्रसिङ्ग, र विक्रीवितरण कार्यको कार्यान्वयन, समन्वय, अनुगमन र नियमन गर्न एवं स्वीकृत मापदण्ड र कार्यविधिको पालना एवं गुणस्तर सुनिश्चित गर्न पटक पटक अनुगमन गर्नुपर्नेछ ।

(७) स्थानीय तह अनुगमन समितिको थप कार्य विवरण स्थानीय तहको सभाले तोके बमोजिम हुनेछ ।

## १४. जिल्ला स्तरीय व्यवस्थापन र अनुगमन

(१) एउटै खोला वा नदिबाट एक भन्दा बढी स्थानीय तहले ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर उत्खनन, संकलन कार्य संचालन गर्ने रहेछन भने जिल्ला समन्वय समितिले समन्वयात्मक वातावरण वनाउन सहयोग गर्नेछ ।

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय
प्रदेश नं.२
जनकपुरधाम, धनुषा

(२) जिल्ला स्तरमा जिल्ला समन्वय समितिको प्रमुखको समन्वयमा जिल्ला स्थित प्रशासन, सुरक्षा निकायहरु, डिभिजन वन कार्यालय, नापी कार्यालय र सम्बन्धित स्थानीय तह समेतलाई समावेश गरी अनुगमन समिति बनाई अनुगमन कार्य संचालन गर्नु पर्नेछ ।

(३) अन्तर स्थानीय तहमा आउने विवादको समाधान तथा सहकार्यका लागि जिल्ला समन्वय समितिले आवश्यक योजना तयारी तथा व्यवस्थापन गर्न सक्नेछ ।

(४) ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तरको बिक्री वितरणबाट प्राप्त हुने प्रदेश सरकारको आम्दानी मध्येबाट प्रदेश सरकारले ३ (तीन) प्रतिशत सम्म रकम जिल्ला समन्वय समितिलाई उपलब्ध गराउन सक्नेछ ।

१५. <u>वातावरणीय पुनर्स्थापना</u> : (१) उत्खनन क्षेत्र वा आसपासका क्षेत्रमा कार्य सम्पन्न भईसकेपछि हरियाली प्रवर्द्धन, तटवन्ध निर्माण, थिग्रयाउने पोखरी निर्माण, खोलाको बहाव नियन्त्रण गर्न पक्की बाध लगायतका भू-तथा जलाधार संरक्षण जस्ता पुनर्स्थापनाका  कार्यहरु गर्न सम्वन्धित स्थानीय तहले योजना बनाउनुपर्नेछ ।

(२) ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर उत्खनन र संकलन कार्यबाट वातावरण, गाउ बस्ती, कृषिभूमी, वन क्षेत्र र जलाधारमा प्रतिकूल प्रभाव परेको अवस्थामा खोला, नदी र आसपासका क्षेत्रको भू-बनोट, प्राकृतिक सुन्दरता, वन जंगल, जलाधार र कृषि प्रणालीलाई जीवन्त राख्न स्थानीय तहले सो कार्यमा तत्काल रोक लगाई संरक्षण र पुनरुत्थानको कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

१६. <u>निषेधित कार्यहरु</u> : (१) यस कार्यविधी बमोजिम देहायका कार्यहरु निषेध गरिएको छ ।

(क) प्रचलित कानून बमोजिम स्थानीय तहको सहमति नलिई वा दर्ता नगरी अवैध रुपमा ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर उत्खनन, संकलन, भण्डारण र प्रशोधनको कार्य गर्ने उद्योग सञ्चालन गर्न ।

(ख) प्रारम्भिक वातावरणीय परिक्षण वा वातावरणीय प्रभाव मुल्यांकन स्वीकृत नगरी ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर उत्खनन, संकलन, भण्डारण र प्रशोधनको कार्य गर्ने उद्योग सञ्चालन गर्न ।

(ग) ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर उत्खनन, संकलन, भण्डारण र प्रशोधनको कार्य गर्ने उद्योगका लागी स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण वा वातावरणीय प्रभाव मुल्यांकनका शर्त उलंघन गर्न ।

(घ) ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर उत्खनन, संकलन, भण्डारण र प्रशोधनको कार्य गर्ने उद्योग सञ्चालनका लागी तोकिएको मापदण्ड विपरित कार्य गर्न ।

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय
प्रदेश नं.२

(ङ) तोकिएको स्थान वाहेक अन्य स्थानमा स्थानान्तरण र उद्योग सञ्चालन गर्न ।

(च) कुनै एक विषयमा संकलन गर्न वा उद्योग दर्ता गरी अनुमति लिएका उद्योगले अर्को उद्देश्य वा प्रयोजनको उद्योग सञ्चालन गर्न ।

(छ) अनुमति विपरित सञ्चालन गर्न र स्वीकृत प्राप्त भएको भन्दा बढी उत्खनन, संकलन तथा विक्री वितरण गर्न ।

(ज) पुरातात्विक, धार्मिक तथा सौन्दर्यीकरण महत्वका बहुमुल्य ढुङ्गा, पत्थरको उत्खनन, संकलन तथा विक्री वितरण गर्न ।

(झ) कार्यविधिमा विपरित उत्खनन, संकलन/ओसार पसार, विक्री वितरण तथा उद्योग सञ्चालन गर्न ।

(२) उल्लेखित निषेधित कार्य गरेको पाइएमा त्यस्ता उद्योगहरुलाई विद्युत, खानेपानी, संचार सुविधा विच्छेद गर्न आदेश दिइनेछ । यस्तो आदेश पालना गर्नु सम्वन्धित निकायको दायित्व हुनेछ ।

**१७. दण्ड सजायको व्यवस्था** : (१) दफा १६ को उपदफा (१) वमोजिम निषेधित कार्य गरेमा प्रचलित कानूनमा व्यवस्था भए अनुसार दण्ड सजाय हुनेछ ।

**१८. विविध :** (१) यो कार्य विधि लागू भएको मितिले एक महिना भित्र क्रसर उद्योगले आफ्नो क्रसर उद्योगमा रहेका कच्चा वा प्रशोधित ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तरको परिमाण सहितको विवरण, संकलन, उत्खननको स्रोत, चालु आ.व.को विक्री वितरणको परिमाणर भावी योजना सहितको प्रतिवेदनको स्थानीय तह र प्रदेश अनुगमन समितिमा पेश गर्नुपर्नेछ । तत्पश्चात उत्खनन, संकलन तथा घाटगद्दीमा भएको मौज्दातको विवरण मासिक रुपमा सम्वन्धित स्थानीय तह र प्रदेश अनुगमन समितिमा पेश गर्नुपर्नेछ ।

(२) ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान खानीको रुपमा सञ्चालन गर्नुपर्ने भएमा खानी ऐनमा व्यवस्था गरे अनुसार र नेपाल सरकारले तोके बमोजिम हुनेछ ।

(४) ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर उत्खनन, संकलन, विक्री वितरण तथा क्रसर उद्योगलाई व्यवस्थित गर्ने कार्यमा स्थानिय तह र प्रादेशिक अनुगमन समितिलाई स्थानीय प्रशासनले आवश्यक सहयोग गर्नुपर्नेछ ।

(५) ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर उत्खनन, संकलन, विक्री वितरण तथा क्रसर उद्योगमा काम गर्ने मजदुरको वीमा, स्वास्थ्य, सुरक्षा तालिम र सुरक्षा सामग्री सम्वन्धी व्यवस्था सम्वन्धित व्यवसायीले तोकिए बमोजिम अनिवार्य रुपमा गर्नुपर्नेछ ।

**१९. थपघट तथा हेरफेर** : (१) यो कार्यविधि आवश्यकता अनुसार प्रदेश सरकारले थपघट, हेरफेर वा संशोधन गर्न सक्नेछ ।

**२०. बाधा अडकाउ, फुकाउ** :(१) यस कार्यविधिको कार्यान्वयनमा कुनै वाधा अडकाउ आइपरेमा प्रदेश सरकारले वाधा अडकाउ फुकुवा गर्न सक्नेछ ।

**२१. बचाउ** : यो कार्यविधी लागू हुनुभन्दा अघि ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तरको उत्खनन, संकलन, विक्री वितरण तथा क्रसर उद्योग सञ्चालन सम्बन्धमा प्रचलित कानून बमोजिम भएका काम कारबाही यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय
प्रदेश नं.२
जनकपुरधाम, धनुषा

## अनुसूची -१

(दफा ४ को उपदफा १संग सम्वन्धित)

ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तरको उत्खनन, संकलन र बिक्री वितरण तथा क्रसर उद्योग स्थापना र सञ्चालन सहमतिका लागी दिनुपर्ने दरखास्ताको ढाचा

श्री अध्यक्ष/प्रमुख ज्यू ।

.................................गा.पा./न.पा./उ.म.न.पा./म.न.पा.

............................

विषय :- सहमतिपाउ भन्ने वारे ।

महोदय,

देहाय वमोजिमको उद्योग सञ्चालन गर्न इच्छुक भएकोले मेरो हाम्रो फर्म/कम्पनीलाई सहमति पत्र प्रदान गरि दिनु हुन आवश्क कागजात सहित यो निवेदन पत्र पेश गरेको छु/छौ । लेखिएको व्यहोरामा कुनै कुरा झुठा ठहरे प्रचलित नेपाल कानून वमोजिम सहुला बुझाउला ।

१. फर्मको पुरा नाम :-
२. फर्मको पुरा ठेगाना :-
३. उद्योग सञ्चालन गर्ने स्थान (GPS लोकेशन समेत) :-
४. उद्देश्य :-
५. पूजी :-
६. कारोवार गर्ने चीज तथा कामको विवरण :-
७. संलग्न कागजातहरु : (फर्म दर्ताको प्रमाण पत्र, कर चुक्ता प्रमाण पत्र, नागरिकताको प्रमाण पत्र, नवीकरण गरेको प्रमाण, स्वघोषणा सम्वन्धी कागज)
८. संचालकको नाम थर : बुवाः हजुरबुवाः

दरखास्तवालाको नाम :
सही :
नागरिकता नम्वर :
सम्पर्क नं.

इति सम्वत् २०...... साल...... गते रोज....... शुभम् ।

अनुसूची -२

## ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तरको उत्खनन, संकलन, बिक्री वितरण तथा क्रसर उद्योग स्थापना र सञ्चालन सहमति पत्रको ढाचा

.................................गा.पा./न.पा./उ.म.न.पा./म.न.पा.

...........................

### सहमति पत्र

श्री..............................

..............................

महोदय,

तपाईको फर्म र कम्पनीले......................... सम्वन्धी कार्य गर्नको लागी यस कार्यालयमा पेश गर्नु भएको निवेदन र संलग्न कागजात उपर कारवाही हुदा मिति ...................... को निर्णय अनुसार.................................. कार्य गर्ने गरी यो सहमति पत्र दिइएको छ । प्रचलित कानून वमोजिम गर्नु गराउनु होला ।

१. सहमतिप्राप्त गर्ने फर्म कम्पनीको नाम :-
२. फर्म/कम्पनी संचालकको नाम :-
३. ठेगाना :
४. फर्म कम्पनी सञ्चालन हुने स्थान :-
५. चारकिल्ला :-

सहमति प्रदान गर्ने अधिकृतको
नाम :
दर्जा :
दस्तखत :
मिति :

द्रष्टव्य : यो अनुमति पत्र हराएमा वा नासिएमा अर्को प्रमाण पत्र लिन नियमानुसार दस्तुर लाग्नेछ ।

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय
प्रदेश नं. २
धनुषा

## अनुसूची -३

### ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तरको उत्खनन र संकलन सम्वन्धी मापदण्ड

(दफा १२ संग सम्वन्धित)

| क्र.सं. | विवरण | दूरी | कैफियत |
|---|---|---|---|
| १ | ताल तलैया र धार्मिक महत्वका पोखरी | १ कि.मि.वाहिर | |
| २ | हाईटेन्सन लाईनवाट | ५०० मि.वाहिर | |
| ३ | शिक्षण संस्था, स्वास्थ्य संस्था, धार्मिक सांस्कृतिक र पुरातात्विक महत्वका स्थान, सुरक्षा निकायवाट | १ कि.मि.वाहिर | |
| ४ | निकुञ्ज आरक्ष क्षेत्र | १ कि.मि.वाहिर | |
| ५ | घनावस्तीवाट | १ कि.मि.वाहिर | |
| ६ | वन क्षेत्रवाट | १ कि.मि.वाहिर | |
| ७ | पक्की एवं झोलुंगे पुलवाट | ५०० मि.वाहिर | |
| ८ | राजमार्गवाट | ५०० मि.वाहिर | |
| ९ | अन्तर्राष्ट्रिय सिमाना भित्र | कम्तीमा १ कि.मि.वाहिर | |

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय
प्रदेश नं. २
जनकपुरधाम, धनुषा

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय
प्रदेश नं.२
जनकपुरधाम, धनुषा

# अनुसूची -४

## क्रसर उद्योग स्थापना र सञ्चालन सम्वन्धी मापदण्ड

(दफा १२ संग सम्वन्धित)

| क्र.सं. | विवरण | दूरी | |
|---|---|---|---|
| क | नदी, खोलाको वर्षातको प्रवाह सिमा | ५०० मि.वाहिर | |
| ख | ताल तलैया र धार्मिक महत्वका पोखरी | १ कि. मि.वाहिर | |
| ग | हाईटेन्सन लाईनवाट | ५०० मि.वाहिर | |
| घ | शिक्षण संस्था, स्वास्थ्य संस्था, धार्मिक सांस्कृतिक र पुरातात्विक महत्वका स्थान, सुरक्षा निकायवाट | २ कि.मि.वाहिर | |
| ङ | निकुञ्ज आरक्ष क्षेत्र | २ कि.मि.वाहिर | |
| च | घनावस्तीवाट | २ कि.मि.वाहिर | |
| छ | वन क्षेत्रवाट | २ कि.मि.वाहिर | |
| ज | पक्की एवं झोलुंगे पुलवाट | ५०० मि.वाहिर | |
| झ | राजमार्गवाट | ५०० मि.वाहिर | |
| ञ | अन्तर्राष्ट्रिय सिमाना | कस्तीमा १ कि.मि.भित्र | |

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय
प्रदेश नं.२
जनकपुरधाम, धनुषा